"पूर्वी क्षेत्रको व्यापारिक द्वार, शान्ति र सम्बृद्धिसहितको भद्रपुर नगर"

# भद्रपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भद्रपुर, झापा
प्रदेश नं.-१, नेपाल

प.स. ०७८।०७९
च.नं. १५०६

मिति २०७८।१०।०२

विषय : निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री वडा अध्यक्षज्यहरु –सबै वडा
श्री नगर कार्यपालिका सदस्यज्यूहरु – सवै
श्री विषयगत शाखाहरु – सबै
श्री शाखाहरु/ उपशाखाहरु – सबै
भद्रपुर नगरपालिका , झापा ।

उपरोक्त विषयमा यस नगर कार्यपालिकाको मिति २०७८।०९।२९ गते बसेको कार्यपालिका बैठकको निर्णयको प्रतिलिपि १ सेट यसै पत्रसाथ प्रेषित गरिएको छ । आ–आफ्नो वडा कार्यालय, विषयगत समिति, विषयगत शाखा, शाखा तथा उपशाखासँग सम्बन्धित निर्णयहरु कार्यान्वयन गर्न गराउन हुन अनुरोध गर्दछु ।

..............................
(टेककुमार रेग्मी)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

कार्यालय प्रमुख : ०२३-५२०७८१, नगर प्रमुख : ५२०१४८, नगर उप-प्रमुख : ५२००९५, Fax : 00977-23-520781
४ नं. वडा समितिको कार्यालय : ५२०८४३, ५ नं. वडा समितिको कार्यालय : ५२०९५९, ६ नं. वडा समितिको कार्यालय : ५२१२९०,
७ नं. वडा समितिको कार्यालय : ४५६९२७, ८ नं. वडा समितिको कार्यालय : ५२०१३८, ९ नं. वडा समितिको कार्यालय : ४५५३५९,
१० नं. वडा समितिको कार्यालय : ४५५०८२
Website: www.bhadrapurmun.gov.np E-mail : info@bhadrapurmun.gov.np

आज मिति २०७८/०१/२१ गतेका दिन भद्रपुर नगरपालिकाको सभा- कक्षमा भद्रपुर नगरपालिकाका नगर प्रमुख श्री जीवनकुमार श्रेष्ठज्यूको अध्यक्षतामा देहाय बमोजिमका कार्यपालिका सदस्य महानुभावहरूको उपस्थितिमा नगर कार्यपालिका बैठक बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति :-

श्री जीवनकुमार श्रेष्ठ - नगर प्रमुख
श्री चन्द्रमाया श्रेष्ठ - नगर उपप्रमुख
श्री हेककुमार रेग्मी - प्र० प्र० अ०
श्री दशरथ प्रधान - वडाअध्यक्ष - वडा नं - १
श्री भीम ब० सुब्बा - " " " - २
श्री कमला थुलुङ - " " " - ३
श्री हर्षधर राजवंशी - " " " - ४
श्री बन्धु कार्की - " " " - ५
श्री प्रेम बहादुर बरुवाल - " " " -
श्री बिनोद प्र० पोखरेल - " " " - ६
श्री गौरब सुब्बा - " " " - ७
श्री शान्तिलाल राजवंशी - " " " - ८
श्री हेक बहादुर खड्का (काजी) - " " " - ९
श्री कौशल्या अधिकारी - नगर कार्यपालिका सदस्य - १०
श्री ममता लिम्बु - " " "
श्री जानुका वि० क० - " " "
श्री विभा पासवान - " " "
श्री मित्रा भट्टराई - " " "
श्री घनश्याम लकान्द्री - " " "
श्री मुना कुमारी भुजेल - " " "
श्री भक्त बहादुर भुजेल - " " "
श्री भगवती बस्नेत - का० वा० वडा अध्यक्ष वडा नं - ८
श्री लता कार्की - " " - २

प्रस्तावहरु

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा

२. प्रथम बालमैत्री घोषण दिवस कमर्यकमको खर्च अनुमोदन सम्बन्धमा ।

३. समपुरक तथा बिषेश अनुदानका योजना माग सम्बन्धमा ।

४ प्रमुख तथा उपप्रमुख कक्षमा जडान गरीएका एसी बिलको भुक्तानी सम्बन्धमा ।

५. नगर प्रहरी र गणकको परिक्षा संचालन गर्ने सम्बन्धमा

६. नगर प्रमुख संथाल आवास कार्यक्रमक सञ्चालन सम्बन्धमा

७. नगरपलिकामा करारमा कार्यरत कर्मचारीहरुको म्याद थप गर्ने सम्बन्धमा

८. योजना मागका निवेदनको सम्बन्धमा

९. निर्माण ब्यावसायीलाई ईजाजत दिने सम्बन्धमा

१०. बजेट बिनियोजन सम्बन्धमा

११. बिविध :

**निर्णयहरु**

१. अघिल्लो बैठकमा गरिएको बैठकका निर्णयहरुको समीक्ष गरियो जसमा :

- बालमैत्री दिवस भव्यताका साथ सम्पन्न गरियो ।
- चालु आ.व.मा सञ्चालन गरिने योजनाहरुमध्ये करिब ८० प्रतिशत योजना सम्झौता भई कार्यान्वयनमा रहेको ।
- सेवा तथा सूचना व्यवस्थापन प्रणाली मार्फत सेवा प्रवाह गर्नका लागि सम्झौता भई यसको प्रयोगको लागि जनशक्तिलाई तालिम दिन शुरु गरिएको ।
- नगरपालिकाको बजेट, नीति तथा कार्यक्रम सार्वजनिकीकरण कार्यक्रम भव्यताका साथ सम्पन्न गरियो ।
- व्यक्तिगत घटना दर्ताका सम्बन्धमा देखिएका नीतिगत अस्पष्टताका कारण दैनिक सेवा प्रवाहमा भएका समस्याहरुको निराकरणका गरी सेवा प्रवाहलाई चुस्त, दुरुस्त र जनअपेक्षित बनाउन सहजीकरण हुनेगरी राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा नितिगत निर्देशन तथा सहजीकरणका लागि पत्राचार गरियो ।

२. भद्रपुर नगरपालिका बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणा भएको (मिति २०७७।९।७ गतेको) अवसरमा मिति २०७८।०८।२५ गते देखि विभिन्न प्रतिषप्रधात्मक कार्यक्रमहरु सञ्चालन गर्न र मिति २०७८।०९।०७ गते प्रथम बालमैत्री दिवास समारोह कार्यक्रम सम्पन्न गर्न, दररेट र प्रस्ताव स्विकृती गर्ने मिति २०७८।८।२३ को नगर प्रमुख स्तरीय निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो । साथै सम्पुर्ण कार्यक्रमहरु सञ्चालन गर्द भएको जम्मा लागत खर्च रु. ६,०६,४५०।०० (अक्षेरिपी छ लाख छ हजार चारसय पचास रुपयाँ) समेत अनुमोदन गर्दै चालु शीर्षकहरुबाट भुक्तानी दिन कार्यलयलाई निर्देशन दिने निर्णय गरियो ।

३. समपुरक तथा बिषेश अनुदानका राष्ट्रिय योजना आयोगमा निम्न अनुसारका योजना माग गर्ने निर्णय गरीयो ।

क. **समपूरक अनुदान तर्फ :**

| क.स. | माग गरिने आयोजनाको नाम | कैफियत |
|---|---|---|
| १ | साईन सिटी निमार्ण, भद्रपुर नगरपलिका वडा न.९ | |
| २ | कमलधाप पर्यटकीय क्षेत्र निर्माण, भद्रपुर नगरपलिका वडा न. २ | |
| ३ | नेपाल रेडक्रस सासाईटी भद्रपुर उपशाखा देखि उत्तर मेची बहुमुखी क्याम्पस सम्मको बाटो पक्की नालासहित कालो पत्रे गर्ने, भद्रपुर नगरपलिका वडा न.८ | |
| ४ | गायत्री मन्दिरदेखि गार्मेन्ट चोकसम्मको बाटो पक्की नाला सहित कालोपत्रे गर्ने , भद्रपुर वडा नं. ७ | |

ख. **विशेष अनुदान तर्फ :**

| | | |
|---|---|---|
| १ | नगर प्रमुख संथाल आवास निर्माण कार्यक्रम | |
| २ | वडा न. ५ को मेची किनारमा ल्याण्डफिल्ड साईड निर्माण गर्ने | |

४. नगर प्रमुख र उपप्रमुख को कार्यकक्षमा जडान गरीएको २ थान एसी बिगत आषाढ महिनामा नै जडान गरीएको तर भुक्तनी दिन बाकी रहेको हुँदा उक्त जडान गरीएका उपकरण एसीहरु को भुत्तानी दिने निर्णय गरीयो ।

५. नगर प्रहरी हवल्दार, जवान, सुपरीवेक्षक तथा गणकको परिक्षा संचालन गर्ने सम्बन्धमा भद्रपुर नगरपलिका छनौट गर्न लागेका नगरप्रहरीहरुको छनौट कार्यबिधि २०७८ अनुसार गर्ने र गणकको छनौटको हकमा १०० पूर्णाकको बस्तुगत ढाँचाको लिखित परीक्षा लिने र लिदित परिक्षाबाट छनौट भएका आवेदकहरुलाई २० पुर्णाङ्ग मौखिक परिक्षा गराई छनौटको प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

६. नगर प्रमुख संथाल आवास कार्यकमको वडा न. ३ को हात्तीमारा नयाँ बस्ती टोलको संन्थाल वस्तीमा ब्लक बिधिको प्रयोग गरी ठेक्का प्रकृया अगाडि बढाई निमार्ण कार्य अगाडि बढाउने निर्णय गरीयो ।

७. यस नगरपालिकाको सेवा प्रवाहलाई ब्यवस्थित तथा सेवा सुचारु गर्नका लागि हाल करार सेवा तथा मासिक ज्यालादारीमा एवम दैनिक ज्यालादारीमा कार्यरत सम्पुर्ण कर्मचारीहरुको म्याद २०७८ पौस मसान्तमा समाप्त हुने भएकोले आगामी २०७९ आषाढ मसान्तसम्मको लागि म्याद थप गर्ने निर्णय गरियो ।

८. यस कार्यालयमा मठ मन्दिर संघ संस्था निर्माण तथा मर्मतका मागका भएका निवेदनको सम्वन्धमा देहायका यजनाका लागि देहाय बमोजिम रकम बिनियोजन गर्ने निर्णय गरीयो ।

| क्र. स | विवरण | रकम | संस्थाको अध्यक्ष |
|---|---|---|---|
| १ | दुर्गा पाञ्चायन मन्दिर भद्रपुर ४ | २०००००।०० | रुपनारायण पाण्डे |
| २ | तमु ह्यूल छोंज धीं गुरुङ राष्टिय परिषद् भद्रपुर ७ | ५०००००।०० | टिकाराम गुरुङ |
| ३ | कलवलगुरी काली मन्दिर संरक्षण समिति भद्रपुर १० | १,०००००।०० | रामजी दाहाल |
| ४ | सिंहबाहिनी तथा पाथिभरा मन्दिर भद्रपुर २ | ३०००००।०० | तोयानाथ अधिकारी |
| ५ | कैलाशेश्वर शिवपाञ्चायन भद्रपुर ६ | २०००००।०० | |
| ६ | नेपाल थामी समाज थामी कुल भूमे सामुदायिक भवन निर्माण समिति भद्रपुर २ | २०००००।०० | मेघराज थामी |
| ७ | श्री राधा कृष्ण मन्दिर भद्रपुर ७ | १५००००।०० | रेमनाथ चुडाल |
| ८ | सनातन धर्म सेवा समिति भद्रपुर १ | १०००००।०० | सीता आचार्य |
| ९ | प्रणामी मन्दिर भद्रपुर १ | २०००००।०० | प्रदिप भट्टराई |
| १० | महिला जागरण समिति भद्रपुर १० | १,००००।०० | विपला चापागाईं |
| ११ | श्री कृष्ण प्रणामी मन्दिर भद्रपुर ९ | २०००००।०० | गोपाल मैनाली |
| १२ | कैलाशेश्वर मन्दिर भद्रपुर ९ | २५०,०००।०० | राजेन्द्र रिजाल |

| | | |
|---|---|---|
| सेचीपारीको हनुमान मन्दिर भद्रपुर ३ | ५०,०००।०० | |
| यूमाहिंम भद्रपुर २ कमलधाप सयुक्त धार्मिक स्थलमा | १०००००।०० | |
| टाँसी छ्योलिङ गुम्बा | १०००००।०० | |
| निरंकार बाबा मन्दिर भद्रपुर ५ | १०००००।०० | |
| मानव सेवा आश्रम भद्रपुर १ | १०००००।०० | |
| दुर्गा पाञ्चायन विपि चोक भद्रपुर १० | १०००००।०० | |
| दिदीबहिनी सचेतना महिला समूह भद्रपुर ८ | १३०,०००।०० | |
| भानु स्कूलको मर्मत | ल.ई. अनुसार | |
| भगवती स्कूलको टिनको छाना मर्मत | ॥ | |
| पशुपति प्रावि भद्रपुर ५ स्टेज निर्माण | ॥ | |
| | रु.१००००।०० | |
| महिला स्वयमसेवीका को अवलोकन भ्रमण | रु.१००,०००।०० | |
| जल सिंहदेवी मन्दिर भद्रपुर ७ | रु.१०००००।०० | |
| कचनकवल फुटवल प्रतियोगिताको सोमबारेमा हुने खेलका लागि | रु.१०००००।०० | |
| वडा न ३ स्थित भिमनगरमा गेट निर्माणका लागि | रु.३०००००।०० | |
| ब्यावसाहिक शिप बिकास तथा तालीम केन्द्र भद्रपुर र नगर युवा परिषद भद्रपुले संचालन गरेको निशुल्क ६ महिने कम्प्यूटर तालीम कार्यक्रम लागि थप | रु.२,००,०००।०० | |

य नगरपालिकामा घ बर्गको निर्माण ब्यवसायीको ईजाजत पत्र पाँउ भनी तपसिलमा लेखित निर्माण ब्यावसाहीहरुले पेस गनुभएको निवेदन माग सम्बन्धमा भद्रपुर नगरपालिकाको र्गको निर्माण ब्यवसायी ईजाजत पत्र सम्बन्धि कार्यबिधि २०७५ अनुसारको प्रकृया पुरा भई हुन आएको निवेदनहरु स्वीकृत गरी देहायका बमोजिमका निर्माण ब्यवसायीहरुलाई घ को ईजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

| निर्माण ब्यवसायको नाम,ठेगना | प्रोपाईटरको नाम | कैफियत |
|---|---|---|
| प्यासिफिक कन्सट्रसन,भद्रपुर ९ | सुनिल श्रेष्ठ, सुजित श्रेष्ठ | |
| डेला निर्माण सेवा एण्ड सप्लायर्स प्रा.ली.भद्रपुर ७ | नारायणप्रसाद ओली | |

नगरपालिकाको कार्यालयमा रहेको वैठक हल व्यवस्थापनका लागि निम्नानुसार बजेट जन गर्ने निर्णय गरियो ।

क. "बैठक हल व्यवस्थापनका लागि फर्निचर खरिद" शिर्षकमा "फर्निचर्स तथा फिक्चर्स" शीर्षकबाट रु.५,००,०००।०० बिनियोजन गर्ने

ख. "बैठक हलमा टाईलिङ्ग" शीर्षकमा "निर्मित भवनको मर्मत सुधार खर्च" शीर्षकबाट रु. ३,५०,०००।०० बिनियोजन गर्ने

११. **बिविध :**

क. शिवशत्ताक्षी नगरपालिकाले आयोजना गर्न लागेको अन्तरपालिका कर्मचारी फुटबल प्रतियोगितामा यस पालिकाबाट पनि भाग लिनको लागि कर्मचारीहरुलाई पठाउने र उक्त प्रतियोगिता कार्यक्रमका लागि रु. १,६०, ०००।०० रकम बिनियोजन गर्ने निर्णय गरीयो ।

ख. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण बिभागको मिति २०७८।०९।२७ मा प्राप्त पत्र अनुसार यस पालिकाको सेवा ईकाईमा कार्यरत २ जना एम.आई.एस.अपरेटर र १ जना फिल्ड सहायकको म्याद २०८० असार मसान्तसम्म थप भएको र निजहरुलाई उपलब्ध गराउने पारिश्रमिक मध्ये छ महिना बराबर हुन आउने अपुग रकम यस नगरपालिकाले बजेटमा साझेदारी गर्ने निर्णय गरियो सोको प्रतिबद्धता पत्र माग भएबमोजिम राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा पठाउने निर्णय गरियो ।

ग. विश्वव्यापी रुपमा फैलिरहेको कोभिड-१९ को नयाँ ओमिक्रोन भेरिएन्टको संक्रमणबाट बच्नका लागि मिति २०७८।०९।२६ गते बसेको विपद व्यवस्थापन समितिको बैठकले गरेका निर्णयहरुको सबै क्षेत्रबाट परिपालन गर्ने गराउने निर्णय गरियो ।

घ. कोशेलीघर विक्री केन्द्र व्यवस्थापन सहयोग कार्यक्रमका लागि बिनियोजन गरिएको रु. २,००,०००।०० लघु उद्यमी महिला समूहसँग सम्झौता गरी कार्यक्रम अघि बढाउने निर्णय गरियो ।

ङ. राजबंसीहरुको ग्रामथान र संन्थालहरुको माजीहडाम निर्माण गर्नको लागि आवश्यक पर्ने योजनाहरु वडाहरुमा पत्रचार गरी माग गर्ने निर्णय गरीयो ।

च. वडा न. १ मा रहेको स्वास्थ्य चौकीमा बिद्युत सट भई आगलागी भएर १ थान फ्रिज नष्ट भएकाले माग बमोजिमको १ थान फ्रिज खरिद गर्ने निर्णय गरीयो ।

छ. मेची रंगशालाको स्तर उन्नतिको लागि प्रदेश तथा संघिय सरकारसंग प्रकासित सूचना अनुसार माग गर्ने र सो कार्यका लागि जिल्ला खेलकुद बिकास समिति संग समन्वय गर्ने निर्णय गरियो ।

२०८०।९।२३

ज. नगरको मध्यकालीन खर्च संरचना र आवाधिक योजना निर्माणका लागि क्रमशः प्रादेशिक प्रशिक्षण प्रतिष्ठान, कलवलगुरी र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

झ. भद्रपुर नगरपालिकाको नवौं नगरसभाले पारित गरेको बजेट, निति तथा कार्यक्रम सार्वजनिक मिति २०७७।०८।१९ गते श्रीकृष्ण गुरुकुल बेदविद्या आश्रममा सम्पन्न गरीएको कार्यक्रममा भए गरेका संम्मान-पुरस्कार लगाएतका सम्पूर्ण खर्चहरुको अनुमोदन गर्ने निर्णय गरियो ।

ञ. कोभिड-१९ को महामारीबाट प्रभावित अति विपन्न परिवारलाई नगद हस्तान्तरण गर्ने कार्यविधि, २०७८ बमोजिम वडा कार्यालयबाट अनुसूचि २ बमोजिम सिफारिस गरी पठाइएको लाभग्राहीहरुको फारमहरुलाई कार्यविधि अनुसार कारवाही गरी अघि बढाउने निर्णय गरियो ।

ट. स्थानीय तह स्वमूल्यांकनको समयसीमा पौष मसान्तभित्र नगरपालिकाले सम्पन्न गरी जिल्ला समन्वय समितिलाई पुन:मूल्यांकनका लागि पठाउने निर्णय गरियो ।

ठ. भद्रपुर-५ मा रहेको कोल्ड स्टोर लामो समयदेखि सञ्चालित निर्माण आयोजना हो । यसमा भारतीय सरकारको धेरै लगानी छ । सो योजनामा महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनले समेत म्याद थपको विषयमा असुल उपर गर्ने भनी प्रतिवेदन लेखेको छ । पटक-पटक नेपाल सरकारले गरेको निर्णयको आधारमा २०७८ चैत्र मसान्तसम्म म्यादथप हुने अवस्था हो । अत: सो योजनामा भएको कामको प्राविधिक मुल्यांकन, सार्वजनिक परीक्षण लगायतको प्रक्रिया अघि बढाउने, फरफारक गर्ने र महालेखा परीक्षकको विभाग डोर मुकाम मार्फत समपरीक्षण गरिदिन अनुरोध गर्ने निर्णय गरियो ।

ड. भद्रपुर नगरपालिकामा प्राप्त कालो रंगको हल्का सवारी साधन ७/८ महिनादेखि नगरप्रमुखको आदेश अनुसार फोर्ड कम्पनीको स्वरुम सोरुम बिर्तामोडमा मर्मत गर्नका लागि दिइएको र मर्मत भइसकेको बिलानुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

ढ. भद्रपुर ५ मा अवस्थित ऐतिहासिक पुस्ताकालय र भद्रपुर १० मा अवस्थित चन्द्रगढी बजारको निर्माण गरीने सपिङ्ग कम्पेक्सको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गर्नको लागि नगर विकास कोषलाई अनुरोध गर्ने निर्णय गरियो ।

ण. भद्रपुर ५ को औद्योगिक ग्रामको आयोजना संचालनमा ल्याउन उद्योग मन्त्रालयमा पुनः योजना माग गरी संचालन गर्ने निर्णय गरियो ।

त. भद्रपुर नगरपालिकाको कर्मचारीहरुको व्यस्थापन (सेवा, शर्त, तह र स्तरवृदि) गर्न वनेको ऐन २०७८ को दफा २२ को उपदफा ९ अनुसार तह समायोजनका लागि निर्माण गरिएको समितिको सदस्यमा कार्यपालिकाको तर्फबाट श्री बिनोदप्रसाद पोखेललाई मनोनयन गरी सोही ऐनको दफा २२ को उपदफा ७ अनुसार तह समायोजनका लागि सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

थ २४ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवस  २०७८ माघ २ गते पर्ने हुँदा कोभिड १९ तथा नयाँ भेरियन्टको स्वास्थ्य मापदण्ड परिपालन गरी मनाउने निर्णय गरियो ।

द. चालु आ.व.मा नगर सभाले बिनियोजन गरेका शिर्षकका बजेटबाट तोकिएका उपशिर्षकहरु मध्ये तपसिल अनुसार संसोधन गर्ने निर्णय गरियो ।

| क.स. | शिर्षकहरु | संसोधन |
|---|---|---|
| क. | बिद्यालय स्वाथ्स्थ्य शिक्षा, आमा समुह तथा स्थानीय तहमा स्वास्थ्यका लागि सामाजिक ब्यवहार पर्वितन प्रर्वद्धन अभियान, स्वास्थ्य संन्देश (**Public Awareness**) रेडियो/एफ.एम. कार्यक्रम रु १०००००।०० | कोभिड १९ बिरुद्ध खोप कार्यक्रम संचालन तथा सुपरिभिजन का लागि रु १०००००।०० |
| ख. | आर्थिक स्थिति कम्जोर भएका पुन उपचारमा रहेका पी.वी.सी बिरामीहरुलाई उपचार अवधिभर पोषण खर्च तथा संम्पर्क परिक्षण  १०००००।०० | कोभिड १९ बिरुद्ध खोप कार्यक्रम संचालन तथा सुपरिभिजन का लागि रु ५००००।०० |
| ग. | जेष्ठ नागरीक संग नगर प्रमुख कार्यक्रम रु.५०००००।०० | जेष्ठ नारिक स्वास्थ्य सेवा केन्द्र संचालनका लागि सामाग्री औजार उपकरण खरिद गर्ने रु.५०००००।०० |

ध नगर शिक्षा समितिको बैठकले शिक्षक दरबन्दी निर्धारण सम्बन्धि गरिएका निर्णय अनुमोदन गर्ने र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि भौतिक सुविधा बिस्तार तथा आई.सि.टी.मागको योजनाको मिति २०७८।०९।१६ गते नगरप्रमुखबाट भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

न राष्ट्रिय जुनियर एथेलेटिक्स प्रतियोगितामा प्रथम स्थान हापिसल गर्न सफल उदियमान खेलाडी भद्रपुर २ गौरीशंकर निवासी सुसमिता राईलाई १ थान साईकल खरिद गरी हस्तान्तरण गर्ने निर्णय गरियो ।

त. भद्रपुर नगरपालिकाको कर्मचारीहरुको व्यस्थापन (सेवा, शर्त, तह र स्तरवृदि) गर्न बनेको ऐन २०७८ को दफा २२ को उपदफा ९ अनुसार तह समायोजनका लागि निर्माण गरिएको समितिको सदस्यमा कार्यपालिकाको तर्फबाट श्री बिनोदप्रसाद पोखेललाई मनोनयन गरी सोही ऐनको दफा २२ को उपदफा ७ अनुसार तह समायोजनका लागि सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

थ. २४ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवस २०७८ माघ २ गते पर्ने हुँदा कोभिड १९ तथा नयाँ भेरियन्टको स्वास्थ्य मापदण्ड परिपालन गरी मनाउने निर्णय गरियो ।

द. चालु आ.व.मा नगर सभाले बिनियोजन गरेका शिर्षकका बजेटबाट तोकिएका उपशिर्षकहरु मध्ये तपसिल अनुसार संसोधन गर्ने निर्णय गरियो ।

| क.स. | शिर्षकहरु | संसोधन |
|---|---|---|
| क. | बिद्यालय स्वाथ्स्थ्य शिक्षा, आमा समुह तथा स्थानीय तहमा स्वास्थ्यका लागि सामाजिक ब्यवहार पर्वितन प्रर्वद्धन अभियान, स्वास्थ्य संन्देश (**Public Awareness**) रेडियो/एफ.एम. कार्यक्रम रु १०००००।०० | कोभिड १९ बिरुद्ध खोप कार्यक्रम संचालन तथा सुपरिभिजन का लागि रु १०००००।०० |
| ख. | आर्थिक स्थिति कम्जोर भएका पुन उपचारमा रहेका पी.वी.सी बिरामीहरुलाई उपचार अवधिभर पोषण खर्च तथा संस्पर्क परिक्षण १०००००।०० | कोभिड १९ बिरुद्ध खोप कार्यक्रम संचालन तथा सुपरिभिजन का लागि रु ५००००।०० |
| ग. | जेष्ठ नागरीक संग नगर प्रमुख कार्यक्रम रु.५०००००।०० | जेष्ठ नारिक स्वास्थ्य सेवा केन्द्र संचालनका लागि सामाग्री औजार उपकरण खरिद गर्ने रु.५०००००।०० |

ध. नगर शिक्षा समितिको बैठकले शिक्षक दरबन्दी निर्धारण सम्बन्धि गरिएका निर्णय अनुमोदन गर्ने र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि भौतिक सुविधा बिस्तार तथा आइ.सि.टी.मागको योजनाको मिति २०७८।०९।१६ गते नगरप्रमुखबाट भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

न. राष्ट्रिय जुनियर एथेलेटिक्स प्रतियोगितामा प्रथम स्थान हापिसल गर्ने सफल उदियमान खेलाडी भद्रपुर २ गौरीशंकर निवासी सुसमिता राईलाई १ थान साईकल खरिद गरी हस्तान्तरण गर्ने निर्णय गरियो ।

य. नगरपालिकाको प्रशासनीक भवनको तला थप गर्ने सम्बन्धमा छलफल गर्दा नगर प्रहरीको कामकाजको लागि नयाँ र संचालनमा रहेको तला थप गर्न  डईङ र डिजाईन गरी वहुवर्षिय ठेक्का प्रकृयामा निर्माण कार्य अघि बढाउने र सो को लागि आवश्यक वजेट संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रायमा माग गर्ने निर्णय गरियो ।

र. नगरपालिकाको निर्वाचित नगरकार्यपालिकाद्धारा चा.लु. आ.व.को ०७८/०७९ सम्म ४ वर्षे कार्यकको १३ वटा बिषगत कार्यक्षेत्रमा संम्बन्धित रहेर प्रगति बिवरण समेटिएको समिक्षात्मक अडियो भिडयो प्रशोद्धन गर्ने, प्रशारण गर्ने , बुलेटीन  तयार गर्ने र डकुमेन्टी समेत तयार पार्न एभिन्यूज पालिका खवर मिडिया हाउस प्रा.ली.काठमाण्डौ लाई जिम्मेवारी दिईएको जानकारी बैठकमा गरीयो र उक्त नगरपालिकाको कार्यकालको संमिक्षात्म्क प्रतिवेदन तयार पार्न वडा समिति,बिषयगत शाखा तथा समितिहरुबाट सहायोग गर्ने निर्णय गरियो ।

ल. नगर खेलकुद बिकास समितिको २०७८।०८।१६ गतको बैठक बसी चालु आ.व. ०७८/०७९ को कार्यक्रम अनुसार वडास्तरीया खेलकुद मेची रंगशालामा संचालन गर्ने निर्णयको अनुमोदन गर्दै वडा समितिबाट टीम सहभागि गराई खेलकुद प्रतियोगिताहरु सफल वनाउने निर्णय गरीयो ।

व. कोभिड बिरुधको खोप कार्यक्रम तथा हेल्थ डेक्स संचालन सम्बन्धमा छलफल गर्दा मिति २०७८।१०।०२ गते आईतबार साबिकका खोप केन्द्रहरुमा एक दिनका लागि १८ वर्ष माथिका सवै नागरिकहरुलाई खोप कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।